रंगशाला

बन्द प्रशिक्षणमा जोडिइन् रेखा

नेपाली राष्ट्रिय फुटबल खेलाडी रेखा पौडेल राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा सहभागी हुन नेपाल आइपुग्नेकी छन्। सोमबार नेपाल फर्किएकी उनी एएफसी एसियन कप छनोटको तयारीमा रहेको राष्ट्रिय महिला टोलीको बन्द प्रशिक्षणमा जोडिने छिन्।

तेस्रो सुपर ओभरमा हाऱ्यो नेपाल

विष्णु थापा | *काठमाडौं*

स्कटल्यान्डमा आयोजना भएको त्रिकोणात्मक अन्तर्राष्ट्रिय टीट्वेन्टी शृंखलाको आफ्नो पहिलो खेलमा नेपाल पराजित भएको छ। सोमबार राति स्कटल्यान्डको टिटउड ग्लास्गोमा भएको खेलमा नेपाल तेस्रो सुपर ओभरमा नेदरल्यान्ड्ससँग पराजित भएको हो। तेस्रो सुपर ओभरमा बिना रन नेपालले दुई विकेट गुमाएपछि नेदरल्यान्ड्सले एक रनको लक्ष्य पाएको थियो। सन्दीप लामिछानेको पहिलो बलमै छक्का हान्दै नेदरल्यान्ड्सले जित निकालेको हो। नेपालका कप्तान रोहित पौडेल र रुपेश सिंह सून्य रनमा आउट भएका थिए। दोस्रो सुपर ओभरमा नेदरल्यान्ड्सले दिएको १८ रनको लक्ष्य पछ्याएको नेपालले पनि १७ रन नै बनाएपछि खेल तेस्रो ओभरमा धकेलिएको थियो।

स्कटल्यान्डले दिएको एक सय ५३ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ५२ रन नै बनाएपछि खेल सुपर ओभरमा धकेलिएको थियो। सुपर ओभरमा पहिले ब्याटिङ गरेको नेपालले १९ रन जोडेको थियो। कुशल भुर्तेलले पाँच बलमा १८ रन बनाए भने कप्तान रोहित पौडेलले एक रन बनाए। २० रनको लक्ष्य पछ्याएको नेदरल्यान्ड्सले पनि १९ रन नै बनाएपछि खेल दोस्रो सुपर ओभरमा धकेलिएको थियो।

यसअघि नेपालका कप्तान रोहितकुमार पौडेलले ४८ रन बनाए। संयमित ब्याटिङ गरेका उनले ३५ बलमा दुई छक्का र .तीन चौकाको सहयोगमा ४८ रन जोडे। यस्तै कुशल भुर्तेलले ३४ रन बनाए। आक्रामक ब्याटिङ गरेका उनले २३ बलमा पाँच चौका प्रहार गरे। कुशलसँगै पालि सुरु गरेका लोकेश बम शून्य रनमै पेभेलियन फर्किंदा अनिल साहले पनि नेपाललाई निरास पारेका थिए। उनी एक रन बनाउँदै पेभेलियन फर्किएका थिए। दीपेन्द्रसिंह ऐरी पनि लामो समयमा क्रिजमा टिक्न सकेनन्। उनले सात बलमा तीन रन मात्रै जोड्न सके। यस्तै रुपेश सिंहले १९, करण केसीले आठ, सन्दीप लामिछानेले चार र नन्दन यादवले चार बलमा १२ रनको योगदान दिए।

नेदरल्यान्ड्का डेनियल डोरामले तीन विकेट लिए। यस्तै विक्रमजित सिंहले दुई तथा कायल क्लेन, बेन फ्लेक्चर, ज्याक लायन क्याचेट एक/एक विकेट हात पारे।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा एक सय ५२ रनको योगफल तयार पारेको थियो। नेदरल्यान्ड्सका तेजा निदामनुरुले सर्वाधिक ३५ रन बनाए। यस्तै विक्रमजित सिंहले ३०, सकिब जुल्फिकरले २५, माइकल लेभिटले २०, म्याक्स ओडाउडले १९ र ज्याक लायन क्याचेटले ११ रन जोडे। नेपालका सन्दीप लामिछानेले तीन विकेट लिए। चार ओभर बलिङ गरेका उनले १८ रन खर्चिएका थिए। यस्तै नन्दन यादवले दुई तथा ललितनारायण राजवंशी र कुशल भुर्तेलले एक/एक विकेट हात पारे।

शृंखलाअन्तर्गत नेपालले मंगलबार घरेलु टोली स्कटल्यान्डको सामना गर्नेछ। शृंखलामा सहभागी नेपाल, स्कटल्यान्ड र नेदरल्यान्ड्सले एकआपसमा दुई/दुई खेल खेल्ने छन्।

रुपेश र किरणको डेब्यु

नेपालका रुपेश सिंह र किरण ठगुन्नाले टीट्वेन्टी अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेका छन्। उनीहरूलाई करण केसीले डेब्यु क्याप प्रदान गरेका थिए। मध्यक्रममा आक्रामक ब्याटिङ गर्ने किरणले घरेलु क्रिकेट सुदूरपश्चिम प्रदेशबाट खेल्छन्। पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) उनले पोखरा एभेन्जर्सबाट खेलेका थिए। रुपेशले भने मधेस प्रदेशको प्रतिनिधित्व गर्छन्। अलराउन्डर उनले एनपीएल जनकपुर बोल्ट्स बाट खेलेका थिए।

अन्तिम मिनेटमा टुटेको विश्वकप सपना

एजेन्सी | *अम्मान*

युद्धले थिलोथिलो बनेको प्यालेस्टाइनी जनता गत बिहीबार राति खुसी मनाउने तयारीमा थिए। अधिकांश प्यालेस्टाइनी युद्धको चिन्ता नगरी घर बाहिर निस्किएका थिए। युद्धको चपेटामा परेका उनीहरू युद्धलाई बिर्सिएर उन्मुक्त भएर खुसीयाली मनाउने तयारीमा थिए। तर, उनीहरूले त्यो खुसी नै मनाउन पाएनन्। प्यालेस्टाइन अर्को वर्ष हुने फिफा विश्वकप छनोटको नजिकमा पुगेर पनि अभागी साबित बन्न पुग्यो। पहिलो पटक विश्वकप फुटबल खेल्ने प्यालेस्टाइनको सपनामा चकनाचुर भयो।

गत बिहीबार अम्मानको किङ अब्दुल्ला रंगशालामा फिफा विश्वकपअन्तर्गत एसियाली छनोटको खेलमा प्यालेस्टाइनले ओमानसँग प्रतिस्पर्धा गरेको थियो। खेलको ९७औं मिनेटसम्म प्यालेस्टाइनले १-० को अग्रता बनाएको थियो। तर, अन्तिम समयमा ओमानले पेनाल्टी पायो। भीएआरको सहयोगमा पाएको पेनाल्टीलाई ओमानले गोल गर्दै खेल १-१ को बराबरी गरेको थियो। ओमानसँगको बराबरीसँगै प्यालेस्टाइनको विश्वकप छनोट यात्रा समाप्त भएको थियो।

विश्व वरीयतामा १०१औं स्थानमा रहेको प्यालेस्टाइनले समूह 'बी'को अन्तिम तीन खेल जिन्दैपर्ने अवस्था थियो। प्यालेस्टाइनले इराकलाई २-१ र कुवेतलाई २-१ गोलले पराजित गर्दै छनोटको आशा जगाएको थियो। तर, ओमानसँग अन्तिम समयमा अंक बाँडून परेपछि प्यालेस्टाइनको पहिलो पटक विश्वकप खेल्ने सपना साकार हुन सकेन। समूह 'बी' मा एक अंकले पछि पर्दै प्यालेस्टाइन विश्वकपमा छनोट हुन सकेन।

अन्तिम समयमा अप्रत्यासित पेनाल्टी दिएपछि प्यालेस्टाइन फुटबल संघले त्यसविरुद्ध विश्व फुटबलको सर्वोच्च संस्था फिफामा उजुरी दिएको थियो। फिफाले रेफ्री र भीएआरको निर्णयलाई सदर गरिदिएपछि प्यालेस्टाइनको यात्रा सकिएको हो। इजरायल-हमास युद्धका कारण प्यालेस्टाइनले घरेलु मैदानमा खेल खेल्न पाएन।

घरेलु मैदानमा खेल नहुने भएपछि प्यालेस्टाइनले जोर्डनको अम्मानलाई वैकल्पिक घरेलु मैदान बनाएको थियो। अम्मानको मैदान आफ्नो मैदानजस्तो नभएका कारण पनि खेलमा समस्या आएको प्यालेस्टाइन फुटबल टोलीका स्ट्राइकर ओदाय दब्बाघले बताए। 'आफ्नै घरेलु मैदानमा खेल्न पाएको भए सजिलो हुन्थ्यो। परिस्थितिले हामीलाई अरुको मैदानमा खेल्न बाध्य बनायो', दब्बाघले भने, 'विश्वकप छनोट हाम्रा लागि ठूलो अवसर थियो। हामीले तयारी पनि राम्रो गरेका थियौं। समर्थकको साथ पनि राम्रो थियो। तर, केही सेकेन्डमै सबै सकियो।' सन् २०२३ मा युद्ध सुरु भए यता प्यालेस्टाइनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कुनै पनि घरेलु फुटबल सञ्चालन हुन सकेको छैन। युद्धका कारण खेल संरचनाहरू ध्वस्त बनेका छन्। थुप्रै खेलाडीले पनि ज्यान गुमाइसकेका छन्। राष्ट्रिय टोलीमा रहेका २७ मध्ये २५ खेलाडी विदेशी क्लबमा अनुबन्धित छन्। उनीहरू देश बाहिर नै फुटबल खेल्छन्। प्यालेस्टाइन फुटबल टोलीले विश्वकप छनोटको तयारी पनि देश बाहिरै गरेका थिए। उनीहरूले अल्जेरिया, कतार र साउदी अरेबियामा प्रशिक्षण सञ्चालन गरेको थियो। विश्वकप छनोटबाट बाहिरिए पनि प्यालेस्टाइन सन् २०२७ मा साउदी अरेबियामा आयोजना हुने एसियन कपमा भने स्थान बनाइसकेको छ।

अल्फालाई उपाधि

अन्नपूर्ण | *काठमाडौं*

डाङको अल्फा तेक्वान्दो डोजाङले प्रथम एनटीए राष्ट्रिय टिम ग्योरोगी च्याम्पियनसिपको उपाधि जितेको छ। सातदोबाटोस्थित नेपाल तेक्वान्दो एकेडेमीमा सोमबार भएको जुनियर पुरुषको फाइनलमा टिम चितवनलाई पराजित गर्दै अल्फाले उपाधि जितेको हो। वसन्त बिष्ट, कमल परियार र कमल खड्का सम्मिलित अल्फाले कृष्ण विक, रोनक राउत र सीगात सुन्दास सम्मिलित टिम चितवनलाई ४८-३४ अंकले पराजित गऱ्यो। च्याम्पियनसिपमा टिम धादिङ र टिम तारकेश्वरले तेस्रो स्थान हात पारे।

यसैगरी जुनियर महिलामा टिम तारकेश्वरले पहिलो स्थान हात पाऱ्यो। निकै प्रतिस्पर्धात्मक खेलमा तारकेश्वरले फेयरलेस डोजाङलाई ७१-६२ ले हरायो। टिम तारकेश्वरबाट सपना रिखाम, कृतिका थापामगर र सोनिया तामाङ तथा फेयरलेस डोजाङबाट अनिशा मगर, लक्ष्मी तामाङ र सृष्टि लामाले प्रतिस्पर्धा गरेका थिए। यस स्पर्धामा यानसु डोजाङ र गोर्खाली डोजाङले तेस्रो स्थान हात पारे।

यसैगरी क्याडेट पुरुषतर्फको उपाधि ढल्को डोजाङले हात पाऱ्यो। ढल्कोले फाइनलमा राष्ट्रिय विभूति सामुदायिकशिक्षा सदनलाई पराजित गऱ्यो। नेपाल टाइगर्स र सीतापाइला डोजाङले तेस्रो स्थान हात पारे। यस्तै क्याडेट महिलातर्फको उपाधि भने राइजिङ फाइटर्सले जितेको थियो।

च्याम्पियनसिपको विजेता टिमलाई ५० हजार र उपविजेतालाई २५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको नेपाल तेक्वान्दो संघका केन्द्रीय सदस्य एवं टेक्निकल डेलिगेट्स बब्लु सिवाकोटीले जानकारी दिए।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना ३ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय गोरखाबाट तपशिलमा उल्लेखित ऋणीहरुले साना व्यक्तिगत कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्न बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अर्वाध भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

ऋणीको विवरण
थाले गुरुङको नाति गज बहादुर गुरुङको छोरा गोरखा जिल्ला ध्याच्चोक बडा नं. २ हाल, अजिरकोट गा.पा. बडा नं. ४ बस्ने **प्रेम बहादुर गुरुङ** (ना.प्र.नं. : ९५७२२ जारी मिति र जिल्ला : २०५९/०९/०५, गोरखा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) लाल बहादुर गुरुङको छोरी थाले गुरुङको बुहारी गज बहादुर गुरुङको पत्नी गोरखा जिल्ला सिम्जुङ बडा नं. ७ हाल, अजिरकोट गा.पा. बडा नं. ४ बस्ने **चनमती गुरुङस्यानी** (ना.प्र.नं. : २१४५ जारी मिति र जिल्ला : २०४५/०२/०७, गोरखा)
२) चम बहादुर घलेको नाति किमीराम घलेको छोरा गिता राना मगरको पत्नी गोरखा जिल्ला बारपाक बडा नं. ४ हाल, गोरखा न.पा. बडा नं. ७ बस्ने **शेर बहादुर घले** (ना.प्र.नं. : ४४१०५५/३१ जारी मिति र जिल्ला : २०६४/०२/२९, गोरखा)

"नेपाल राष्ट्र बैंकबाट "ब" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०३/०३

नेपाल नेत्रज्योति संघ अर्न्तगत सञ्चालित हिमालय आँखा अस्पताल पोखराका लागि आ.व. २०८२/०८३ मा आवश्यक पर्ने औषधी, चश्माको फ्रेम तथा शिसा, Sun Glasses, Reading Glasses, Box Cover, RX Glasses, Contact Lens, सर्जिकल सामाग्रीहरु, IOL, स्टेशनरी सामाग्री, छपाई तथा मसलन्द, सरसफाई सामाग्री, ल्याबका सामाग्री र Spare Parts आदी खरिद गर्नुपर्ने भएकोले ईच्छुक इजाजत प्राप्त आपूर्तीकर्ताहरुले शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

विस्तृत विवरण सहितको बोलपत्र फाराम तौकिएको शुल्क (फिर्ता नहुने) तिरि अस्पताल प्रशासनबाट मिति २०८२/०३/२३ गते कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ। यसरी खरिद गरिएको बोलपत्र फारम भरी बोलपत्र फारममा उल्लेख भए बमोजिम फर्म/कम्पनी सँग सम्बन्धित कागजात संलग्न राखी मिति २०८२/०३/२४ गते दिनको १२:०० बजे सम्म अस्पतालको प्रशासन शाखामा दर्ता गराई सक्नु पर्नेछ।

प्राप्त बोलपत्रहरु मिति २०८२/०३/२४ गते दिनको २:०० बजे निवेदक वा निजको प्रतिनिधीहरुको उपस्थितिमा खोलिनेछ वा उपस्थित नरहेमा पनि खोल्न बाधा पर्नेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार अस्पतालमा निहित रहनेछ।

थप जानकारीका लागि
नेपाल नेत्रज्योति संघ
हिमालय आँखा अस्पताल
पोखरा-१७, घारिपाटन, फोन नं. : ०६१-४५११६८
ई-मेल : heh@ntc.net.np

Nexon Corporation Pvt.Ltd

Subidhanagar Gate, Tinkune, Kathmandu-32, Nepal
PAN No.-619719337, Tel No.: +977-1-4111615, 4111979

S. No.	Product Details	Model	Brand	Capacity	Country of Origin	Unit	Price Per Unit	MRP
1	WEBOR FREEZER	HTSS170 (HCFC-22 GAS FREE)	WEBOR	170 LTR	CHINA	No.	Nrs.	36,090.00
2	WEBOR FREEZER	HTSS250 (HCFC-22 GAS FREE)	WEBOR	250 LTR	CHINA	No.	Nrs.	47,190.00
3	WEBOR FREEZER	HTSS325 (HCFC-22 GAS FREE)	WEBOR	325 LTR	CHINA	No.	Nrs.	53,090.00
4	WEBOR FREEZER	HTSS425 (HCFC-22 GAS FREE)	WEBOR	425 LTR	CHINA	No.	Nrs.	72,190.00
5	WEBOR CHILLER	LCSS-315 (HCFC-22 GAS FREE)	WEBOR	315 LTR	CHINA	No.	Nrs.	72,790.00
6	WEBOR CHILLER	LCSS-425 (HCFC-22 GAS FREE)	WEBOR	425 LTR	CHINA	No.	Nrs.	82,690.00
7	WEBOR CHILLER	LCSS-650 (HCFC-22 GAS FREE)	WEBOR	650 LTR	CHINA	No.	Nrs.	20,390.00

Imported from :- People's Republic of CHINA.